// the masthead block
# विपश्यना

साधकहरुका लागि प्रेरणा पत्र

बुद्ध वर्ष २५४४ भाद्र २०५७ वर्ष १७ अङ्क ५


## धम्मवाणी

*पतिरूपदेसवासो च, पुब्बे च कतपुञ्ञता ।*
*अत्त-सम्मापणिधि च, एतं मङ्गलमुत्तम ॥*

**उचित देशमा निवास हुनु, पूर्व जन्महरूको संचित-पुण्य र आफूमा सम्यक रूपले समाहित हुनु- यही उत्तम मंगल हुन् ।**

**आत्मकथन**

## धर्म देशको तीर्थ-यात्रा

पूज्य गुरुदेव सयाजी ऊ बा खिनको प्रवल धर्म कामना थियो कि म्यान्मारलाई भारतबाट विपश्यनाको जुन अनमोल धर्म रत्न प्राप्त भयो त्यो ऋण चुकाउन यो विद्या भारतलाई पुन: फर्काउन सकियोस् । उहाँलाई पूर्ण विश्वास थियो आजको भारतमा यस्ता अनेक व्यक्तिहरू जन्मिएका छन् जो अमित पुण्यपारमीका धनी छन् र उनीहरूले आफ्नो पुरातन अनमोल विद्यालाई पूर्ण रुपले स्वीकार गर्नेछन् र यसलाई सम्पूर्ण भारतमा मात्र होइन कि सकल विश्वमा प्रसारण गर्ने काममा दिलो ज्यान दिएर लाग्नेछन् । उहाँलाई यो पनि विश्वास थियो कि विश्वको विभिन्न भागमा यस्ता पारमी सम्पन्न मानिसहरू जन्मिएका छन् जो यो अनमोल रत्नको प्रतिक्षामा छन् । यसलाई पाएर उनीहरू धन्य हुनेछन् र यसको प्रसारणमा ठूलो योगदान पुऱ्याउने छन् । यस्तै भयो, उहाँको धर्ममयी मंगलकामना पूरा भयो ।

जसरी पूज्य गुरुदेवको मनमा यो धर्मकामना जाग्यो, त्यसरी नै मेरो मनमा पनि एक धर्मकामना जाग्यो, पछिल्लो लगभग दुई सहस्राब्दीको अन्तरालपछि जुन देशबाट भारतलाई आफ्नो पुरातन विपश्यना सम्पदा पुन: प्राप्त भयो त्यस देशको प्रति भारतका विपश्यी साधक आफ्नो कृतज्ञता प्रकट गरून् । यसको साथ साथै सारा विश्वमा जो लाखौं मानिसहरूले विपश्यनाबाट लाभ उठाएका छन्, उनीहरू पनि म्यान्मार प्रति कृतज्ञता प्रकट गरून् । यस धर्मकामनालाई पूरा गर्न गुरुदेवको जन्म शताब्दी बर्षमा यस नयाँ सहस्राब्दीको शुभारम्भ भएपछि धर्मभूमि म्यान्मारको लागि एक ऐतिहासिक तीर्थ-यात्राको योजना बन्यो । यो सारा कार्यक्रम एकदम कम समयमा नै निश्चित गरियो र भारत तथा विश्वका विभिन्न देशहरूबाट दुई-साँढे दुई सय विपश्यी साधक सम्मिलित हुने आशा गरिएको थियो । तर यो देखेर सुखद आश्चर्य भयो जब यो धर्मयात्रामा पाँच महादेशका ३२ देशहरूबाट लगभग साँढेसातसय तीर्थयात्रीहरू याङगुन् पुगे । धम्मज्योतीको विश्व सम्मेलनमा सम्मिलित भएर उनीहरू मध्ये धेरै धर्मयात्राको लागि निक्लिए । यात्रामा यथासम्भव सुविधा दिने प्रयास गर्दा गर्दै पनि उनीहरूलाई धेरै कठिनाईहरूबाट गुज्रनु पऱ्यो । तर यी धर्मपुत्र र धर्मपुत्रीहरूको प्रफुल्ल-प्रसन्न चेहरा र मेरो जन्मभूमि प्रति उनीहरूको मनमा जागेको अपार सम्मानको भाव देखेर हृदय गद्‌गद भयो ।

आजसम्म म्यान्मार तथा अन्य बुद्धालम्बी देशहरूबाट तीर्थयात्रीहरू भारत आइरहेका छन् । भारत र विश्वका सयौं मानिसहरू तीर्थयात्राको लागि म्यान्मार गएको इतिहासको यो पहिलो अवसर हो ।

धम्मज्योतीमा सामूहिक साधना गर्दा सद्धर्मको जुन पावन तरंग साधक-साधिकाहरूलाई अनुभव भयो त्यसबाट उनीहरू अत्यन्त आल्हादित भए । बाहिरबाट आएका विपश्यी साधक साधिकाहरूका साथ स्थानीय साधक साधिकाहरू ठूलो संख्यामा सम्मिलित भए । परम पवित्र स्वेडगोन पगोडामा ध्यान गर्दा यो विशाल विपश्यी परिवारले जुन विपुल प्रीतिप्रमोदको अनुभूति गऱ्यो, त्यसको वर्णन उनीहरू मध्ये अनेकौंको मुखबाट सुनेर मन आल्हादित भयो । स्वेडगोन स्तूपका ट्रस्टी र प्रबन्धक धन्यवादका पात्र छन् जसले सुर्योदय पूर्व उषाकाल र रात्रीको ९ बजे सर्वसाधारणका लागि स्तूप बन्द भएपछि ती वहुसंख्यक विपश्यी साधकहरूलाई निर्विघ्न सामूहिक साधना गर्ने सुविधा प्रदान गरे । भगवानको पावन केशधातुलाई आफ्नो गर्भमा धारण गरेको विश्वको यो महानतम पावन स्तूप धर्मको तरंगले एकदम तरंगित भैरहन्छ, जसबाट साधकहरूको अन्तरमनमा पनि अनित्यवोधको प्रवल धर्मतरंग लहराउँछ । यसको साथै ईन्या म्यांइको इन्टरनेशनल मेडिटेशन सेन्टरमा जहाँ मैले पूज्य गुरुदेवको चरणमा बसेर विपश्यना सिकें र जहाँ म यो विद्यामा यथाशक्ति परिपक्व हुन सकें, त्यस पावन केन्द्रमा पनि साधकहरूले सामूहिक साधना गरे । उहाँहरूले यो सुविधा प्रदान गर्नुभएकोमा त्यहाँका आचार्य र मेरा धर्मवन्धु ऊ टीं यी तथा मदर सयामा प्रति आभार मान्छु । गुरुदेव सयाजी ऊ बा खिन प्रति असीम कृतज्ञता र श्रद्धा प्रकट गर्दै साधक-साधिकाहरू त्यहाँको पावन तरंगबाट अत्यन्त लाभान्वित भए ।

नदी पारी डल्ला गाऊँमा सयातैजीको विपश्यना केन्द्र अहिले पनि छ । त्यहाँको विशुद्ध वातावरणमा साधना गरेर सवैले धन्य अनुभव गरे ।

तीर्थयात्रीहरूको यो समूह चैटियों पहाडमा पनि गयो । त्यहाँको विश्मयजनक शैल शिखरमा बनेको स्तूप र त्यसको आसपासको पावन धर्मतरंगले आप्लावित विशुद्ध वातावरणमा साधकहरूले साधना गरे र



Downloaded from http://www.dhamma.digital

उच्च पहाड चढ्दा जुन शारीरिक श्रम भएको थियो ती साधनाले तत्काल कम भए । सबै आल्हादित भए ।

यात्रीहरूको समूह बगो हुँदै मेरो जन्मभूमि मांडले पुग्यो । त्यहाँको धर्ममण्डप विपश्यना केन्द्रमा साधना गरेर सबै प्रसन्न भए । रात्रीको समय महाम्यामुनि मन्दिरको पावन प्रांगणमा जुन सामूहिक साधना भयो त्यसको अनुभव अत्यन्त अलौकिक रह्यो । परम पूज्य अरहंत धर्मदर्शी (असिं अरहं) को तपोभूमि सगाई पहाडको यात्रा पनि अत्यन्त कल्याणकारिणी रह्यो । सीतगु सयाडो ञाणेस्सरजीको विहार मा पनि सामूहिक साधनाको धर्मतरंग अत्यन्त प्रभावशाली थियो । पूज्य सयाडोको स्नेहभरिएको आशीर्वचन र उहाँको मैत्रीपूर्ण आतिथ्यले सारा विपश्यी परिवार अत्यन्त प्रसन्न प्रमुदित भए ।

त्यहाँबाट सबै मोंटवा गए । त्यहाँ साधकहरूले गम्भिर सामूहिक साधना गरे । त्यसको नजिकैको लेडीगाउँ गइयो, जो कि ठूलो हजुर बुबा गुरु लेडी सयाडोजीको जन्मभूमि र कर्मभूमि रह्यो । त्यहाँबाट नदी पार गरेर जुन पहाडमा उहाँ तप गर्नुहुन्थ्यो त्यहाँसम्मको पावन तीर्थयात्रा पनि गरियो । जुन महान सन्तको कृपाले यो विद्या यो युगमा पुन: जागृत र जनप्रसारित भयो, उहाँको उपकारको सम्झना गरेर सबैको हृदय कृतज्ञताले भरिएको थियो । साधक मण्डल चौसेमा अर हन्त वेबू सयाडोको विहारको पनि यात्रा गरेर पुण्यभागिनी बन्यो ।

हामीहरूको साथ थोरै मात्र साधक मोगोक जान सके । जो गए, उनीहरू आनन्द विभोर भए । त्यहाँ विपश्यनाको दुईवटै केन्द्र-धम्मरतन र धम्मकुटमा सामूहिक साधना भयो । यती तेज धर्म तरंगको कसैले कल्पना पनि गरेको थिएन । मोगोक विश्व विश्रुत बरमी (रूबी) माणिक रत्नको खानीको लागि प्रसिद्ध नगर हो । तर यहाँ यति प्रभावशाली तरंगहरूको साथ धर्मरत्न पनि विद्यमान भएको देखेर सबै भावविभोर भए ।

तीर्थयात्री फर्कंदा पगानको ऐतिहासिक शहरबाट गए । त्यो पुरानो राजधानी र चैत्य नगरीको गहिरो प्रभाव यात्रीहरूको मनमा पर्नु स्वाभाविक थियो । पुरै मण्डली यात्राको कठिनाईहरूलाई भूलेर अत्यन्त आनन्द विभोर भएर याङ्गुन फर्किए । तीर्थयात्रीहरूले यो तीर्थयात्रा सम्वन्धि आफ्नो अनुभवहरूको जुन उद्गार प्रकट गरे त्यसलाई सुनी-सुनीकन मेरो मन प्रशन्नताले भरियो । भारत फर्किएपछि पनि यो तीर्थयात्राको सुखद स्मरण गर्दै साधकहरूको कृतज्ञताले भरिएको पत्र आइरहेको छ । तिनीहरूलाई पढेर मन प्रशन्न हुन्छ । अनेक साधकहरूको यो आग्रह छ कि पवित्र भूमि म्यान्मारको यस्तो धर्मयात्रा समय-समयमा भइरहोस् । मेरो जन्मभूमिको प्रति मानिसहरूको यो आकर्षण देखेर मन प्रशन्नताले भरियो । यस्तै समयमा मलाई आफ्नो सुखद अनुभवको एक महत्वपूर्ण घटना सम्झना आयो ।

परम पूज्य गुरुदेवको आदेशमा सन् १९६९ मा जब म धर्मदूतको दायित्व निभाउनको लागि भारत आउँदा मेरो परम मित्र ऊ ति हान जो त्यस समयमा म्यान्मारको विदेशमन्त्री थिए र कर्नल मौं मौं खा जो उद्योग मन्त्रालय सम्हालिरहेका थिए, यी दुईको सत्प्रयत्नले र जनरल नेविनको उदार अनुमतिले मलाई पासपोर्ट मिल्यो, जो कि अत्यन्त दुर्लभ थियो । त्यसकारण म भारत आएर आफ्नो माता-पिताको साथ साथै अरु मानिसहरूलाई विपश्यना सिकाउन पहिलो शिविर लगाउन सकें । त्यसपछि यो धर्मगंगा भारतको कुना कुनामा प्रवाहमान भयो ।

पहिलो वर्षमै भारतीयहरूको साथ साथै धेरै विदेशीहरू पनि शिविरहरूमा सामेल हुन लागे । पूज्य गुरुदेवको प्रवल इच्छा थियो कि भारतमा यो विद्याको विरुवा रोपेपछि यसलाई सारा विश्वमा प्रसारण गर्नुपर्दछ । जो विदेशी ती शिविरहरूमा सम्मिलित भए तिनीहरू मध्ये अनेकले यो आग्रह गर्न लागे कि म उनीहरूको देशमा गएर उनीहरूको परिवारलाई, मित्रहरूलाई तथा अन्य अनेक मानिसहरूलाई यो पावन धर्मशिक्षाबाट लाभान्वित गरौं ठूलो संख्यामा त्यहाँका मानिसहरू भारत आउन सक्दैनथे । म आफू जाँदा धेरैको कल्याण हुने कुरा स्पष्ट थियो । म आफैं पनि विदेशमा धर्मदूत भएर जान उत्सुक थिएँ । तर बाध्यता थियो । मलाई जुन बर्मी पासपोर्ट प्राप्त भएको थियो त्यसमा भारतको मात्र एन्डोर्समेन्ट थियो । यानी म बर्मी नागरिकको रूपमा भारतको मात्र यात्रा गर्न सक्थें । अरू देशको नाम उल्लेख गराउनको लागि स्थानीय बर्मी दूतावासलाई आवेदन पठाएँ तर उनीहरूले आफ्नो असमर्थता प्रकट गरे । मेरो मित्र ऊ ति हानले भने कि म तत्कालिन बर्मी सरकार समक्ष अपिल चढाऊँ । सौभाग्यले त्यो समय मेरो साथी कर्नल मौं मौं खा प्रधानमन्त्री थियो । मैले अपिल चढाएँ तर उनको आफ्नो समस्या थियो । सरकार आफ्नो पूर्व निर्णयहरूले बाँधिएका थिए । मलाई एन्डोर्समेन्ट प्राप्त भएन । ऊ ति हानले अवकाश पाएपनि मेरो अपिललाई लिएर जनरल नेविनलाई पनि भेट्यो । फेरिपनि कुनै काम बन्न सकेन ।

ऊ ति हान र कर्नल मौं मौं खा दुवै मेरा घनिष्ठ मित्र थिए । जनरल नेविनको प्रथम शासनमा एक पटक भारत र दोश्रो पटक रूस तथा अन्य पूर्वी यूरोपीय देशहरूसँग व्यापारिक सम्झौता गर्नको लागि त्यो समयको वाणिज्य मन्त्री ऊ ति हानको नेतृत्वमा जुन सरकारी प्रतिनिधि मण्डल गएको थियो । त्यसको एक सदस्य कर्नल मौं मौं खा पनि थियो । दुवै भ्रमणहरूमा व्यापारिक परामर्शको लागि मलाई पनि साथ लगिएको थियो । यी दुवै सँग परिचय त पहिलेदेखि नै थियो, तर यसपछि घनिष्ठ भयो । दुवै जना यो तथ्यलाई खुब जान्दथे कि मलाई राजनीतिमा कुनै रूची छैन । फेरि अब त धर्मदूतको काममा पूर्णरूपमा लागेको कारण व्यापारबाट पनि पूर्ण रूपमा अवकाश लिइसकेको थिएँ । मेरो धर्मसेवाले दुवै जना अत्यन्त आल्हादित र प्रभावित थिएँ । अत: दुवैजना चाहन्थे कि म विपश्यना विद्याको पावन सन्देश अन्य देशहरूमा पनि लिएर जाऊँ, तर उनीहरू मलाई सहायता गर्न असमर्थ थिए । उनीहरू लाचार थिए । अन्तत: मैले धर्म संकल्प गरें कि दश बर्ष प्रतिक्षा गर्दा समेत यदि सरकारी नीति बदलिएन र एन्डोर्समेन्ट मिलेन भने मलाई भारतीय नागरिकता मिलोस ताकि भारतीय पासपोर्टले विश्वमा धर्मदूतको रूपमा यात्रा गर्न सकूँ । यद्यपी मेरो अन्तरमन यही चाहन्थ्यो कि मलाई बर्मी सरकार एन्डोर्समेन्ट देओस् । तरपनि उनीहरूको बाध्यतालाई राम्ररी बुझ्दथें । अन्नत: धर्मसंकल्पले काम गर्यो र दश बर्ष पूरा हुँदा मलाई चमत्कारिक ढंगले दुई दिन भित्र भारतीय नागरिकता र भारतीय पासपोर्ट प्राप्त भयो । त्यसपछि म तत्काल विश्वयात्रामा जान सकें ।

भारतीय नागरिकता लिएको केही समयपछि मलाई थाहा भयो कि बर्मी सरकारको तत्कालिन नीति अनुसार जो बर्मी नागरिक बर्मी पासपोर्टमा विदेश जान्छ र त्यहाँ उसले आफ्नो नागरिकता बदल्छ भने



Downloaded from http://www.dhamma.digital

उसको लागि बर्मा प्रवेश गर्ने ढोका सदाको लागि बन्द हुन्छ। उसलाई बर्माको लागि कुनै प्रकारको पनि भिसा दिईन्दैन । यो मेरो लागि धेरै दु:खदायी सूचना थियो। म आफ्नो मातृभूमि फर्कने स्वतन्त्रताबाट बन्चित रहन चाहँन्नथें । अर्को तर्फ महत्वपूर्ण धर्मदूतको कर्तव्य पालनको जिम्मेवारी थियो। अत: नचाहँदा नचाहँदै पनि मलाई आफ्नो देशको नागरिकता छाड्नु पऱ्यो र यो मानेर सन्तोष मान्नु पऱ्यो कि सम्भवत: धर्मको यही इच्छा थियो। विश्वमा विपश्यनाको प्रसारणको श्रेय विपश्यनाको उद्गम देश भारत र विपश्यनाको संरक्षक देश म्यानमार दुवै देशलाई मिल्नु पर्दछ । र यही भयो ।

तर बार-बार मनमा आकांक्षा जागीरह्यो कि म कुनै प्रकारले आफ्नो मातृभूमि जान सकूँ। त्यहाँ आफ्ना धर्मबन्धुहरू तथा वरिष्ठ भिक्षुहरूसँग भेट गरेर आफ्नो धर्मबल र धर्मज्ञान बढाउन सकूँ। मलाई विश्वास थियो कि म्यान्मार सरकार ढिला-चाँडो मेरो म्यान्मार प्रवेशको प्रतिवन्ध हटाउँछ, उनीहरू खूब जान्दछन् कि मैले आफ्नो नागरिकता व्यापारिक वा राजनैतिक वा अन्य व्यक्तिगत स्वार्थको कारणले परिवर्तन गरेको हैन, धर्मसेवाको लागि बदलिएको हो। यो धर्मसेवाले भारतको साथ-साथै बर्माको पनि गौरव बढीरहेको छ। अत: ढिला चाँडो मातृभूमि फर्कन सक्ने अवसर प्राप्त हुन्छ नै ।

धर्म बडो बलवान छ । यस्तो अवसर स्वत: प्रकट भयो । मेरो यहाँ लगाइने शिविरहरूको बारेमा केही भ्रम फैलियो कि म भगवान बुद्धको यो शिक्षा शुद्ध रूपमा सिकाइरहेको छैन र यसलाई लिएर केही भिक्षुहरूमा असन्तोष फैलियो। अर्को तर्फ म्यान्मार सरकारलाई सूचना मिलिरहेको थियो कि म निर्दोष रूपले धर्मसेवा गरिरहेको छु। अत: सर कारले मलाई आमन्त्रण गऱ्यो ताकि म भिक्षुहरूको मनमा जागेको भ्रान्ति हटाउन सकूँ। म आल्हादित भएर आफ्नो जन्मभूमि फर्किएँ। माण्डले र याङ्गुनको भिक्षु परियत्ति विश्व विद्यालयहरूमा प्रमुख भिक्षुहरूको सामुन्ने मेरो विनम्र प्रवचन भयो। उनीहरूलाई पूर्ण सन्तोष भयो । त्यस यात्राले मेरो मनमा जो प्रसन्नता जगायो, त्यो अद्वितीय थियो। बाईस बर्षको अन्तराल पछि अत्यन्त अप्रत्याशित ढंगले आफ्नो जन्मभूमिमा स-सम्मान प्रवेश पाएको कारण मेरो यो प्रशन्नता सहज स्वाभाविक थियो। जन्मभूमि पनि यस्तो जसले मलाई एक पटक होइन दुई पटक जन्म दियो। एक पटक यो हाड मासुको शरीरको रूपमा, जब म आफ्नो आमाको कोखबाट जन्मिएँ जस्तो एउटा पंक्षीको सही जन्म फुलबाट फुटेर बाहिर निक्लिएपछि हुन्छ, त्यस्तै नै पूज्य गुरुदेवको चरणमा बसेर अविद्याको खोल हट्दा दोश्रो जन्म भयो। त्यही मेरो सही जन्म थियो। यस प्रकार जुन मातृभूमिमा म द्विजन्मा द्विज बनें, त्यसको प्रति मेरो मनमा माया र आदरको भाव हुनु स्वाभाविक थियो। त्यहाँको धरतीमा पाउ राख्ने बित्तिकै मलाई यस्तो लाग्यो कि म आफ्नो आमाको सुखद काखमा आइपुगें। सारा वातावरण धर्मको तरंगले तरंगित, मलाई त्यहाँ असीम धर्मबल प्राप्त भयो। मेरो धर्मबन्धु ऊ टिं यी, ऊ बा फो र ऊ को लेसँग भेट गरेर मन धेरै प्रसन्न भयो। त्यहाँका परम पूज्य भिक्षु त्रिपिटकधर मिंगुं सयाडोको बन्दना गरेर, उहाँको आशीर्वाद र मार्गदर्शन प्राप्त गरेर धेरै सौभाग्यशाली भएँ। मैले त्यो यात्रामा आफ्नो जन्मभूमिको धर्म- तरंगको जुन स्वाद लिन सकें, त्यसलाई याद गर्दा यस्तो लाग्छ कि आफ्नो जन्मभूमिको प्रति सहज आकर्षण भएको कारण र लामो अन्तराल पछि त्यहाँ फर्कने सुविधा प्राप्त भएको कारण मलाई यस्तो प्रशन्नताको अनुभव भएको हो। तर अहिले जब मेरा सयौं धर्मपुत्रहरू र धर्मपुत्रीहरूले त्यही अनुभव गरे तब मन अत्यन्त आश्वस्त भयो कि साँच्चै मेरो जन्मभूमि धर्मको तरंगहरूले ओतप्रोत छ र जो साधक त्यहाँ जान्छ, उसलाई त्यहाँको धर्मतरंगहरू असीम प्रसन्नता प्रदान गर्दछ ।

मलाई आफ्नो मातृभूमिका मानिसहरू स्वभावत: अत्यन्त प्रिय र राम्रा लाग्छन्। कहीं यसमा पनि मेरो मनमा जागेको पक्षपातको भाव त छैन ? तर यस्तो होइनरहेछ। अहिले थाहा भयो कि सबै तीर्थयात्रीहरूले यही अनुभव गरेछन्। धर्मदेश म्यान्मारको नगर र गाउँहरूमा रहने लगभग सबै मानिसहरू कति शान्त र सरल छन्। हर अवस्थामा सधैं प्रसन्न रहन्छन्। बेलायतकी एउटी धर्मपुत्री यो तीर्थयात्राबाट अत्यन्त प्रभावित भएर पत्र लेख्छे– "बर्माको धर्मयात्रा मेरो लागि विशेष थियो … … मेरो विचारमा बर्मीहरू विश्वका सरल, स्नेही र एकदम बिनम्र मानिसहरू मध्ये हुन्।" कति सत्य छ ? यस्तै प्रकार एक भारतीय तीर्थयात्री लेख्छ, "यो यात्रा कुनै देवलोकको यात्रा भन्दा कम थिएन।" … … पूरा म्यान्मारमा धर्मको यस्तो प्रभाव देखियो । त्यहाँका मानिसहरू यति सरल, सिधा र शान्त छन् कि हामी भारतमा रहेर सोच्न पनि सक्दैनौं कि कहीं यस्ता मानिहरू पनि रहन्छन्। सारा म्यान्मार मा ठाउँ ठाउँमा मानिसहरूद्वारा तपाईंको स्वागत र तपाईं प्रति जुन श्रद्धा देखायो, त्यसलाई सम्झदा मन रोमाञ्चले भरिन्थ्यो। … … …" आफ्नो मातृभूमि र त्यहाँका मानिसहरू प्रति यस्तो हृदयोद्गार पढेर-सुनेर को आनन्द विभोर हुँदैनहोला । त्यस देशका मानिसहरूको बारेमा यी तीर्थयात्रीहरूको यस्तो उद्‌गार सुन्दा, उनीहरूको पत्रमा पढ्दा मन गद्‌गद हुन्छ ।

धन्य छ म्यान्मारको पावन भूमि जसले विपश्यना विद्यालाई दुई सहस्राब्दीदेखि शुद्ध रूपले सम्हाली राख्यो। हामी म्यान्मारको साथ-साथै थाइलैण्ड, श्रीलंका, कम्बोडिया र लाओस प्रति उपकार मान्दछौं, जुन पाँच देशहरूले भगवान बुद्धको वाणीलाई आफ्नो शुद्ध रूपमा कायम राखे। तर कल्याणी विपश्यना त म्यानमारमा मात्र सुरक्षित रह्यो। यदि त्यस देशका विपश्यी भिक्षु संघले यसलाई जीवित नराखेको भए आज सारा विश्व यो विद्याको अभावमा अन्धकारमा परिरहन्थ्यो होला ।

धन्य छ भारतको पावन भूमि जहाँ यस्तो शुद्ध साधनाको उद्‌गम भयो। धन्य छ बर्माको पवित्र भूमि, जसले सारा विश्वलाई एक पटक फेरि यो शुद्ध धर्मको पावन ज्योती प्रदान गऱ्यो, शुद्ध धर्मको पथ दियो, विश्व भरिका दु:खी मानिसहरूको लागि कल्याणको मार्ग प्रशस्त गऱ्यो ।

(साभार: हिन्दी विपश्यना पत्रिका,
फाल्गुण पूर्णिमा, २०००)

**कल्याण मित्र**
स.ना.गो.
अनु. विष्णु पनेरू

## पुज्य गुरुजी नेपालमा रहनुहुँदाको कार्यक्रम

पूज्य गुरुजी श्री सत्यनारायण गोयन्काजी तथा माताजी श्रीमती इलैंची देवी गोयन्का गत चैत्र महिनामा करीब दुई महिनाको लागि नेपालमा आउनु भएको थियो। यस अवधिमा धर्मश्रृङ्गमा दश दीवसीय



Downloaded from http://www.dhamma.digital

शिविरहरूको सञ्चालन गर्नुका साथै विभिन्न संघ-संस्थाको आयोजनामा सार्वजनिक प्रवचन पनि दिनुभएको थियो ।

उहाँले २०५७ साल वैशाख २ गते, नेपाल मारवाडी सेवा समितिको आयोजनामा पहिलो पटक राजस्थानी भाषाबाट प्रवचन दिनुभयो ।

बैशाख २० र २१ गते, धर्मोदय सभाको आयोजनामा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा हिन्दी तथा अंग्रेजी भाषामा प्रवचन दिनुका साथै स्रोताहरूको प्रश्नको उत्तर दिनुभएको थियो ।

त्यस्तै भिक्षु ञाणपूर्णिक महास्थविरको निमन्त्रणामा विश्व शान्ति विहार, बानेश्वरमा जानुभई उपस्थित उपासकहरूलाई प्रवचन दिनुभयो ।

बैशाख २९ गते लायन्सक्लबको आयोजनामा लायन्स क्लवमा प्रवचन दिनुभएको थियो ।

यस बाहेक नेपाल विपश्यना केन्द्रका सहायक आचार्यहरू, ट्रष्टी, पूर्व ट्रष्टी तथा धर्मसेवकहरूलाई प्रवचन दिनुका साथै उहाँहरूको व्यवस्थापन तथा साधना विधिका समस्याहरूको समाधान गर्नु भएको थियो । धर्मश्रृङ्गमा रहनुहुँदा प्रत्येक दिन दिउँसो १२-१ बजेसम्म छलफलका लागि समय दिनुभयो, यस अवधिमा यस विधि सम्बन्धी उब्जेका शंका-उपशंका का बारेमा साधक तथा गैर साधकहरूले पनि गुरुजीसंग परामर्श गरेका थिए ।

यसै प्रसंगमा जेष्ठ १ गते श्री ५ महाराजाधिराज वीरेन्द्र विर विक्रम सरकार धर्मश्रृङ्ग सवारी भई शिविर स्थलको निरिक्षण गरिबक्सनुका साथै पूज्य गुरुजीसंग करीब आधि घण्टा साधना विषयमा छलफल गरिबक्सेको थियो ।

यस दुई महिना अवधिमा पूज्य गुरुजीको सानिध्यमा ५ वटा दश दिवसीय शिविर, तीन दिवसीय शिविर एउटा र सत्तिपट्ठान शिविर सञ्चालन गरिएको थियो । यी शिविरहरूमा आनापान, विपश्यना तथा मैत्री पनि गुरुजी स्वयंबाट प्रदान गर्नु भएको थियो । दश दिवसीय शिविर हरूको वीचमा एक दिवसीय शिविरहरू पनि सञ्चालन गर्नु भएको थियो ।

## धर्म गाथा

### हिन्दी

पूर्व पूण्य जाग्रत हुआ, जन्मा बरमा देश ।
जन्म हुआ सद्धर्म में, कटें कर्म के क्लेश ॥

कैसी सुखद सुहावनी, मां बरमा की गोद ।
चारों फल उपजें यहाँ, उमडे मन में मोद ॥

शुद्ध धरम ऐसा मिला, राग जगे ना द्वेष ।
चित्त निपट निर्मल बने, रहे न दु:ख लवलेश ॥

ब्रह्मदेश गुरुवर मिले, जिनका प्रबल प्रताप ।
जन जन में जागे धरम, दूर होंय भवताप ॥

निर्मल गंगा धरम की, सतत प्रवाहित होय ।
भारत बरमा देश का, सब विधि मंगल होय ॥

भारत बरमा देशका, सदियों का सम्बन्ध ।
सदा महतता ही रहे, यह मधुमय मकरंद ॥

### हिन्दी

गहन निशा वन भटकते, हुआ विकल गुमराह ।
सहज सिखाया धरमपथ, गुरु ने पकडी बांह ॥

धन्य भाग ! गुरुवर मिले, करुणा के भंडार ।
अन्धे को आँखें मिली, सत्य धन का सार ॥

धरम नीर ऐसा मिला, घुला चित्त का चीर ।
मिटी देखते देखते, तन की, मन की पीर ॥

मन मदमत गजेन्द्र सा, जरा न वश में आय ।
सन्त महावत सा मिला, अंकुश दिया लगाय ॥

जीव दुबकियां खा रहा, भवसागर के बीच ।
धन्य ! धन्य ! गुरुवर मिले, लिया बाह भर खींच ॥

जो गुरुवर मिलते नहीं, धरम-गंग के तीर ।
तो बस गंगा पूजता, पी पाता ना नीर ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
विरगञ्ज

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ *२०५७ भाद्र*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१
*मुद्रक :* न्यू नेपाल प्रेस, अफिस फोन : २५ ९० ३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८ प्रेस : ४३४ ८५०, ४३४ ७५३

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. ४००/-
● वार्षिक शुल्क रू. २५/-

साधकको नाम : ..................

ठेगाना : ..................

..................

..................



Downloaded from http://www.dhamma.digital